# नेपाली राजदूतावास
# EMBASSY OF NEPAL
Pretoria,
The Republic of South Africa

## दक्षिण अफ्रिका यात्रा सम्बन्धी सूचना (Travel Advisory)

दक्षिण अफ्रिकामा वैदेशिक रोजगारमा आकर्षक तलब, सुविधासहितको पदमा काम लगाईदिने एवं दक्षिण अफ्रिकाबाट युरोप, अमेरिकाका मुलुकहरुमा जानको लागि सहज हुने भ्रममा पारी ती देशहरुमा पठाउन सहयोग गर्ने जस्ता अनेकौं प्रलोभन देखाई नेपाली नागरिकहरुबाट लाखौं रुपियाँ लिई उनीहरुलाई भारतको विभिन्न शहरहरु (नयाँ दिल्ली, मुम्बई), संयुक्त अरब इमिरेट्स, कतार तथा तान्जानिया, मोजाम्बिक, केन्या, मलवी, मौरिसस, रुवाण्डा, कङ्गो लगायतका अफ्रिकी मुलुकहरु हुँदै निकै कठिन, जोखिमपूर्ण तवरले दक्षिण अफ्रिकामा ल्याई अलपत्र पारी छोडिदिने र कतिपय अवस्थामा ती ट्रान्जिट मुलुकहरुमा नै विषम परिस्थितिमा छोडिदिने घटनाहरु बढ्दै गएकोमा यस दूतावासको गम्भीर ध्यानाकर्षण भएको छ । बैदेशिक रोजगारमा लगाईदिने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै ब्यक्तिलाई विदेशमा ल्याई अलपत्र पार्ने एवं नेपाल सरकारको प्रचलित कानून अनुरुप निषेध गरिएका कार्यहरुमा संलग्न हुने कार्य कानून बमोजिम दण्डनीय भएकाले यसखाले गैरकानूनी कार्यहरु नगर्न/नगराउन र यसतर्फ सचेत रहन सम्बन्धित सबैमा दूतावास अनुरोध गर्दछ ।

यस सन्दर्भमा दक्षिण अफ्रिका आउन लाग्नुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई देहायका कुराहरुमा उचित ध्यान, सावधानी अपनाउन हुन समेत दूतावास अनुरोध गर्दछ ।

१. दक्षिण अफ्रिकाको सरकारी राजपत्रमा २ अगष्ट २०२२ मा प्रकाशित सूचनाअनुसार विशेष ज्ञान, सीप आवश्यक पर्ने १४० किसिमको दक्ष जनशक्तिको पदमा स्वदेशी नागरिकबाट पदपूर्ति नहुने अवस्थामा मात्र विदेशी नागरिकलाई रोजगारमा लिने कानूनी ब्यवस्था रहेको र त्यस्ता पदहरुमा वैदेशिक रोजगारमा यहाँ आउँदा नेपाल सरकारको प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिएर मात्र आउनु पर्नेछ । उक्त पदहरुको सूची http://www.dha.gov.za/images/PDFs/४७१८२-२-८-CriticalSkillsDHA.pdf लिङ्कमा उपलब्ध रहेको छ ।
२. भारतमा रहेको दक्षिण अफ्रिकाको उच्चायुक्त (High Commission) र कन्सुलेट जनरल (Consulate General) बाट जारी हुने पर्यटक भिसा पर्यटन भ्रमणमा दक्षिण अफ्रिका आउने प्रयोजनको लागि मात्र भएको हुँदा सो भिसाका आधारमा यहाँ रोजगारीजन्य काममा संलग्न हुन पाइने छैन । पर्यटक भिसामा आई कुनै पनि किसिमको रोजगारीमा संलग्न हुने कार्य गैरकानूनी भएकाले त्यस्तो कार्यमा संलग्न ब्यक्तिहरुलाई सम्बन्धित दक्षिण अफ्रिकी निकायले पक्राउ गरी कानून बमोजिम दण्ड, जरिवाना गराई देश निकाला (Deportation) गर्नेछ ।
३. कुनै पनि मुलुक जानको लागि सम्बन्धित मुलुकको भिसा आवश्यक पर्ने हुँदा दक्षिण अफ्रिकाबाट युरोप, अमेरिका लगायतका देशहरुमा जान सजिलो हुने कुरा भ्रामक र मिथ्या भएकाले भिसा सम्बन्धी जानकारीका लागि सम्बन्धित देशको नियोग वा ती मुलुकहरु हेर्ने विदेशस्थित नेपाली नियोगहरुमा सम्पर्क गरी आधिकारिक जानकारी लिन उपयुक्त हुनेछ ।
४. उल्लिखित विषयहरु लगायतका सम्बन्धमा कुनै जानकारी लिनुपरेमा दूतावासको ईमेल eonpretoria@mofa.gov.np वा Whatsup सहितको हटलाईन नम्बर (००२७७६५०९३९४१) मा सम्पर्क गर्न सकिनेछ ।

नेपाली राजदूतावास
प्रिटोरिया
२१ पुस २०७९